अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८, संख्याः ३, गोरखा, भदौ १९ गते २०८१, अतिरिक्तांक : ३

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यविधि-२०८१ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

## कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यविधि- २०८१

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८१

**प्रस्तावना :** अजिरकोट गाउँपालिका भित्र रहेको युवा, महिला, उद्यमी, कृषक लगायतका व्यक्तिलाई प्रदान गरिने अनुदानका कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभाबकारी, अनुमान योग्य तथा प्रतिफल आधारित बनाउन स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरी जारी गरिएको छ ।

# परिच्छेद-१

# प्रारम्भिक

## १) संक्षिप्त नाम र प्रारम्भ

१.१. यस कार्यविधिको नाम ''कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यविधि (२०८१) रहनेछ ।

१.२ यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएपश्चान लागु हुनेछ ।

## २) परिभाषा

विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

२.१ "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिका बुझिनेछ ।

२.२ "कार्यलय" भन्नाले गाउँ कार्यपालिकालाई बुझाउछ। यो शब्दले वडा कार्यलय समेतलाई बुझाउनेछ ।

२.३ अनुदानग्राही भन्नाले अजिरकोट गाउँपालिकामा कृषि फर्म दर्ता गरि कृषि कार्य गर्दै आउनु भएका कृषक सबै बुझिनेछ ।

२.४ छनौट समिति भन्नाले यस कार्यविधि अन्तर्गतको समिति सम्झनु पर्दछ ।

### ३) उद्देश्य

३.१ अजिरकोट गाउँपालिका भित्र रहेका बेरोजगार युबाहरुलाई कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रममा संलग्न गराई स्वरोजगार बन्न सहयोग गर्न

३.२ व्यावसायिक सोच भएका दर्तावाला कृषि फर्महरुलाई व्यावसायिक हुन प्रोत्साहन गर्न

३.३ बाली र बस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न

## परिच्छेद-२

## संचालन सम्बन्धि व्यवस्था

**४) संचालन गरिने कार्यक्रम :**

कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत तपशिलको कार्यक्रमको अधिनमा रही अनुसूची २ अनुसारको कार्यक्रमहरु संचालन गर्न पाइने छ :

१) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु

२) कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रमहरु

३) कृषि पूर्वाधार निर्माण लक्षित कार्यक्रमहरु

४) कृषि विकास सम्बन्धि अन्य कार्यक्रमहरु

**५) सूचना प्रकाशन तथा प्रस्ताव आव्हान**

१) कार्यक्रम संचालनको लागि कम्तिको १५ दिनको म्याद दिई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरि प्रस्ताब आव्हान गर्नेछ ।

२) सम्बधित सबैको जानकारीको लागि पालिकाको वेबसाइटबाट समेत सो कार्यक्रम सम्बन्धि सूचना प्रचार प्रसार गरिनेछ ।

३) अनुसूची ३ अनुसार प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसंग सम्बन्धित अजिरकोट गाउँपालिकामा संचालित कृषि तथा पशुपंक्षी फर्मले सो सम्बन्धि निबेदन साथ प्रस्ताव पेश गर्नुपर्नेछ ।

**६) छनौट समिति गठन :**

१) यस कार्यविधि अन्तर्गतका प्रस्ताव छनौटका लागि तपशिल बमोजिमको छनौट समिति गठन गरिनेछ :

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

कृषि शाखा प्रमुख - सदस्य सचिव

आर्थिक विकास संयोजक - सदस्य

पशु शाखा प्रमुख - सदस्य

उद्यम विकास सहजकर्ता - सदस्य

२) समितिको बैठकमा आवश्यक परेमा वढीमा दुई जना बिषयगत विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

३) समितिको बैठक संचालन तथा निर्णय सम्बन्धि अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**७) अनुदानग्राहीको छनौट :**

१) दफा ६ अनुसार को समितिले अनुसूची ४ बमोजिमको मुल्यांकनका आधारमा प्राप्त प्रस्तावहरुको मुल्यांकन गरि अनुदानग्राहीको छनौट गर्नेछ ।

२) दफा ७ को उपदफा १ अनुसार अनुदानग्राहीको छनौटका लागि समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न सक्नेछ ।

**८) अनुदान रकमको सिमा :**

१) यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सिमा कुल प्रस्तावित स्वीकृत लागतको पचास प्रतिशत अधिकतम रु. एक लाख सम्म हुनेछ ।

**९) अनुदानग्राही संग सम्झौता गर्नुपर्ने :**

१) समितिले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसंग सम्झौता अनुसूची-५ अनुसार हुनेछ ।

२) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नुपर्ने रकमको सुनिश्चता हुनुपर्ने छ ।

# परिच्छेद-३

# भुक्तानी र अनुगमन

**१०) भुक्तानी प्रक्रिया :**

१) कार्यक्रम संचालनको लागि स्वीकृत भए बमोजिम अनुदान रकम/सामाग्री प्रदान गरिनेछ । अनुदान बाहेकको थप श्रोत आवेदक आफैले व्यवस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२) दफा १० को उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) वडा कार्यालयको आन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडा स्तरीय अनुगमन प्रतिबेदनको सक्कल प्रति

ग) आवश्यक बिल भरपाई

घ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटो कम्तिमा ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

च) भुक्तानीको लागि निवेदन

**११) अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा कृषि विकास शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

**१२) भुक्तानी दिन बाध्य नहुने** :

१) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२) सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद-४

## विविध

१३) **बाधा अड्काउ फुकाउ** : यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुविधा भएमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ |

१४) **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ |

१५) **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ |

# अनुसूची –१

## ........................ कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

## सूचना । सूचना ॥ सूचना ॥।

यस ........................................................................ को आर्थिक वर्ष ......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ................... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ ......................... अजिरकोट गाउँपालिका भित्र रहेका कृषि फर्महरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ...................... दिनभित्र .................... कृषि फर्महरुले तपशिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव पेश गर्न अनुरोध छ । यस सम्वन्धी थप जानकारीका लागि ................... मा सर्म्पक गर्न सकिनेछ ।

आवश्यक कागजातः

- व्यक्तिगत निवेदन र कृषि गरेको विवरण
- कृषि व्यवसाय गर्ने अनुसूची–२ अनुसारको प्रस्ताव
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस ।
- जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खणडमा जग्गा धनीसंग गरेको सम्झौताको प्रतिलिपि ।
- स्वलगानीको प्रतिवद्धता पत्र

# अनुसूची –२

## अनुदान रकम उपलब्ध हुने कार्यक्रमहरु

| क.स | कार्यक्रम |
|---|---|
| १ | कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम |
| २ | चियाखेती प्रवर्धन तथा आधुनिककरण कार्यक्रम |
| ३ | १० रोपनी भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावमा आधारित अनुदान कार्यक्रम |
| ४ | फलामे प्लाष्ट्रिक घर निर्माण कार्यक्रम |
| ५ | व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम |
| ६ | व्यवसायिक बीज वृद्धि प्रवर्द्धन तथा बीउ विजन आत्मनिर्भर कार्यक्रम |
| ७ | स्रोत केन्द्र(च्याउ र मौरी) विकास कार्यक्रम |
| ८ | अभियानमुखी अदुवा/बेसार उत्पादन प्रवर्धन कार्यक्रम |
| ९ | मौरीपालन प्रवर्धन कार्यक्रम |
| १० | कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम |
| ११ | प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम भर्मिकम्पोष्ट |
| १२ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम |
| १३ | साझेदारीमा कृषि तथा पशुपन्छी पुर्वाधार विकास कार्यक्रम |
| १४ | कृषिसंग सम्बन्धित पूर्वाधार निर्माण |

# अनुसूची–३
## अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा

**मिति :**

**विषयः** कार्यक्रम प्रस्ताव पेश गरिएको सम्वन्धमा ।

**श्री** कृषि शाखा प्रमुख ज्यू,
अजिरकोट गा.पा (कृषि विकास शाखा)
भच्चेक, गोरखा

महोदय,
तहाँ कार्यालयबाट मिति ........................ मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको कृषि व्यवसाय कार्यक्रमको उद्देश्य, लागत, समयापधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपशिल उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/बस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुदाँ अनुदान सहयोग उपलब्ध गरादिनुहुन अनुरोध गर्दछु ।

**प्रस्तावको संक्षिप्त विवरण**

१. प्रस्तावको नाम :
२. कार्यक्रम सञ्चालन गर्ने ठेगानाः वडा....... टोल..................
३. प्रस्तावित कार्यक्रमका मुख्य उद्देश्यः
४. बालीनालीको क्षेत्रफल :
५. उत्पादकत्व :
६. रोजगारी सिर्जना हुने संख्या :
७. प्रस्तावित कार्यक्रमको भौगोलिक तथा प्राविधिक उपयुक्तता :
८. अनुभव :

# अनुसूची –४

## प्रस्ताव मुल्याङ्कनका आधार

| क्र.स | मुल्याङ्कनका आधार | अधिकतम सम्भाव्य अंक |
|---|---|---|
| १ | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० |
| २ | सामाजिक एवं लैङ्गिक सहभागिता( महिला/आदिवासी/दलित) आदि | १० |
| ३ | प्रसावित कार्यले उत्पादन बृद्धिमा पुग्ने सहयोग | १० |
| ४ | प्रस्तावित बाली/वस्तुको भौगोलिक एवं प्राविधिक उपयुक्तता | १० |
| ५ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० |
| ६ | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएका | १० |
| ७ | सहभागि लक्षित वर्गको नगद वा वसतुगत योगदान परिमाण र प्रतिवद्धता | १० |
| ८ | प्रस्तावित कार्यको सृजनात्मकता एवम् नवीनता | १० |
| ९ | आवेदनको संस्थागत क्षमता तथा कार्य अनुभव | १० |
| १० | प्रस्तावित कार्य कृषकको माग एवं आवश्यकता अनुरुप रहे/नरहेको | १० |

# अनुसूची–५

## सम्झौताको ढाँचा

यो सम्झौतापत्र अजिरकोट गाउँपालिका कृषि विकास शाखा(यस पछि पहिलो पक्ष भनिएको) र गोरखा जिल्ला अजिरकोट गाउँपालिका वडा नं. ....(यस पछि दास्रो पक्ष भनिएको) बीच तपशिलको शर्तहरु पालना गर्ने गरी यो सम्झौता भएको छ ।

यो सम्झौता, सम्झौता भएको मिति .................. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्ताव/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मिति............ साल.......... महिना........ गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित **दोस्रो** पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१.यस सम्झौता बमोजिमको ............................................... कार्यक्रम सञ्चालन सम्वन्धी सम्पूर्ण कार्य **दोस्रो** पक्ष आफैले गर्नुपर्नेछ । **दोस्रो** पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

२.सम्झौता बमोजिमको कार्य सञ्चालनको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु ........................ ( अक्षरुपी.................................................................) र दास्रो पक्षको लागत सहभागिता रु.................... ( अक्षररुपी..........................................) हुनेछ ।

३. **दोस्रो** पक्षले सम्झौता बमोजिमको.........................................................कार्यक्रम

अर्न्तगत................................... व्यवसाय सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघसंस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्नेछ ।

४. **दोस्रो** पक्षले सम्झोता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

५. **दोस्रो** पक्षले.............................. कार्यक्रम अर्न्तगत................... व्यवसाय सञ्चालन सम्वन्धी कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाइ गराउनुपर्नेछ ।

६. प्रथम पक्षले **दोस्रो** पक्षलाई भुक्तानी दिर्दा प्रथम पक्ष समक्ष आवश्यक कागजात पेश भए पश्चात सम्बन्धित **दोस्रो** पक्षको नाममा एकाउन्ट पेशी चेक मार्फत भुक्तानी दिनेछ ।

७. दास्रो पक्षको लापरवाहीको कारणबाट कार्यसम्पन्न भई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी **दोस्रो** पक्षले लिनेछ ।

८. **दोस्रो** पक्षले स्वीकृत प्रस्तावको कार्य तालिका बमोजिम................ मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्ताव/इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ । यदि सो मितिमा कार्य सम्पन्न नगरेमा सम्झौता स्वत भगं हुनेछ र पहिलो पक्ष भुक्तानी दिन वाध्य हुनेछैन ।

९.सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

**१०. भुक्तानी हुने खाता नंम्वर :**

**नामः**

**खाता नम्बरः**

१३. यो सम्झौता उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**पहिलो पक्ष**

दस्ताखत

नामः

ठेगानाः

मितिः

कार्यालयको छाप

**दोस्रो पक्ष**

दस्ताखत

नामः

ठेगानाः

मितिः

संस्थाको छाप

**रोहवर**

नामः

ठेगानाः

मितिः

**रोहवर**

नामः

ठेगानाः

मितिः

**मितिः** २०८ /.... महिना /..... गते

आज्ञाले

नवराज अवस्थी

प्रमुख प्रशासिकय अधिकृत